# हेटौंडा राजपत्र


हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ | सङ्ख्याः ०१ | मितिः २०७९/०३/२९


भाग-२

## हेटौंडा उपमहानगरपालिका कर्मचारी वृत्ति विकास तथा व्यवस्थापन सम्बन्धी विशेष ऐन, २०७५ लाई खारेजी गर्न तथा सो ऐन बमोजिम भए गरेका केही कामकारबाहीको बचाउ गर्न बनेको ऐन, २०७९

**प्रस्तावना:**

बागमती प्रदेश भित्रका स्थानीय तहहरुको स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीहरुको सेवा, शर्त तथा सुविधासँग सम्बन्धित कानून व्यवस्था गर्न बागमती प्रदेश सरकार बाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ को व्यवस्था अनुरुप हेटौंडा उपमहानगरपालिकामा प्रचलित कर्मचारीको वृत्ति विकास तथा व्यवस्थापन सम्बन्धी विशेष ऐनलाई खारेज गर्न तथा सो ऐन बमोजिम भए गरेका केही काम कारबाहीको बचाउ गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१ तथा गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ बमोजिम हेटौंडा उपमहानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "हेटौंडा उपमहानगरपालिका कर्मचारी वृत्ति विकास तथा व्यवस्थापन सम्बन्धी विशेष ऐन, २०७५ लाई खारेज गर्ने ऐन, २०७९" रहेको छ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

क) "कर्मचारी वृत्ति विकास तथा व्यवस्थापन सम्बन्धी विशेष ऐन" भन्नाले हेटौंडा उपमहानगरपालिका कर्मचारी वृत्ति विकास तथा व्यवस्थापन सम्बन्धी विशेष ऐन, २०७५ सम्झनु पर्छ।

**३. खारेजी र बचाउ :**

(१) हेटौंडा उपमहानगरपालिका कर्मचारी वृत्ति विकास तथा व्यवस्थापन सम्बन्धी विशेष ऐन, २०७५ खारेज गरिएको छ।



२) उपदफा (१) बमोजिम खारेज भएको ऐन बमोजिम यो ऐन प्रारम्भ हुँदाका बखत भइसकेको देहायका कामकारबाहीको सम्बन्धमा देहाय बमोजिम हुनेछ :-

क) कर्मचारी वृत्ति विकास तथा व्यवस्थापन सम्बन्धी विशेष ऐन बमोजिम भएको कर्मचारीहरुको वृत्ति विकास तथा प्रोत्साहन सुविधा यो ऐन प्रारम्भ भएपछि कायम रहने छैन र कर्मचारी वृत्ति विकास तथा व्यवस्थापन सम्बन्धी विशेष ऐन बमोजिम वृत्ति विकास तथा प्रोत्साहन सुविधा प्राप्त गरेका कर्मचारीहरुको वृत्ति विकास तथा प्रोत्साहन सुविधा प्राप्त गर्नु पूर्वकै पद तथा स्तर/तह कायम हुनेछ।

ख) खण्ड (क) बमोजिम वृत्ति विकास तथा प्रोत्साहन सुविधा प्राप्त गर्नु पूर्वकै पद तथा स्तर/तह कायम भएका कर्मचारीहरुले त्यसरी साविकै पद तथा स्तर/तह कायम भएपछि वृत्ति विकास तथा प्रोत्साहन सुविधा वापत पाउँदै आएको वृद्धि भएको तलब भत्ता कायम हुने छैन र साविकै पदमा रहँदा पाउँदै आएको तलब भत्ता प्राप्त गर्नेछन्।

ग) कर्मचारी वृत्ति विकास तथा व्यवस्थापन सम्बन्धी विशेष ऐन बमोजिम वृत्ति विकास तथा प्रोत्साहन सुविधा प्राप्त गरी स्तर/तह वृद्धि भएका कर्मचारीहरुले आफू स्तर/तह वृद्धि भएको समय अवधिमा खाएको तथा कर्मचारीहरुलाई खुवाइएको तलब भत्ता फिर्ता गर्नु नपर्ने गरी मिनाह गरिएको छ।

घ) कर्मचारी वृत्ति विकास तथा व्यवस्थापन सम्बन्धी विशेष ऐन बमोजिम वृत्ति विकास तथा प्रोत्साहन सुविधा प्राप्त गरी स्तर/तह वृद्धि भएका कर्मचारी हरुले आफू स्तर/तह वृद्धि भएको समय अवधिलाई शून्य अवधि मानी त्यस्तो समय अवधिमा वृत्ति विकास तथा प्रोत्साहन सुविधा प्राप्त गरेको कर्मचारीले आफूले वृत्ति विकास तथा प्रोत्साहन सुविधा प्राप्त गर्नु अघिकै पदमा रही कामकाज गरेको मानिनेछ।

**स्पष्टीकरण:** यस खण्डमा व्यवस्था गरिएको "शून्य अवधि" को प्रावधान सम्बन्धित कर्मचारीहरुको स्तर/तह वृद्धि तथा बढुवाको हकमा सेवा अवधि गणनाको प्रयोजनको लागि लागू हुनेछ।

ङ) कर्मचारी वृत्ति विकास तथा व्यवस्थापन सम्बन्धी विशेष ऐन बमोजिम वृत्ति विकास तथा प्रोत्साहन सुविधा प्राप्त गरेका यस ऐन प्रारम्भ हुँदा वा हुनु अगावै सेवा निवृत्त भएका कर्मचारीहरुको हकमा सेवा निवृत्त पश्चात प्राप्त गर्ने सेवा सुविधा निजले वृत्ति विकास तथा प्रोत्साहन सुविधा प्राप्त गर्नु पूर्व कायम रहेको पद तथा स्तर/तह अनुसार सेवा निवृत्त भए पछि प्राप्त गर्ने सेवा सुविधा बमोजिम कायम हुनेछ। सेवा निवृत्त भएपछि कर्मचारी वृत्ति विकास तथा व्यवस्थापन सम्बन्धी विशेष ऐन बमोजिम स्तर/तह वृद्धि भई प्राप्त गरेको सेवा सुविधा फिर्ता गर्न नपर्ने गरी मिनाह गरिएको छ।

४. प्रचलित कानून बमोजिम गरिने:

यस स्थानीय तहमा कार्यरत कर्मचारीहरुको स्तर/तह वृद्धि तथा बढुवा लगायतका कर्मचारीको वृत्ति विकाससँग सम्बन्धित कामकारबाहीहरु प्रचलित संघीय कानून तथा प्रदेश कानून बमोजिम गरिनेछ र त्यसरी स्तर/तह वृद्धि तथा बढुवा गर्दा प्रचलित कानूनमा कुनै निकायको परामर्श माग गर्नु पर्ने व्यवस्था भएकोमा कानून बमोजिम परामर्श समेत माग गर्नु पर्नेछ।

आज्ञाले,
शिवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत